## **विपन्न नागरिक रोजगार कार्यक्रम सञ्चालन  कार्यबिधि, २०८१**

प्रस्तावनाः प्यूठान नगरपालिकाको नगरसभाले सालबसाली रुपमा नगरका अति विपन्न तथा विपन्न नागरिकहरुलाई रोजगारी प्रदान गरी आय आर्जनमा वृद्धि, स्थानीय पूर्वाधारहरुको निर्माण र सामाजिक सुरक्षाको प्रत्याभूति गर्न वाञ्छनीय भएको र नेपालको संविधानको धारा ३३को प्रावधानको कार्यान्वयन गर्नका लागि प्यूठान नगरपालिकाको नगरकार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी "विपन्न नागरिक रोजगार कार्यक्रम सञ्चालन कार्यवि , २०८१" पारित गरेको छ।

### **परिच्छेद -१**

१. **सक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "विपन्न नागरिक रोजगार कार्यक्रम सञ्चालन कार्यवि , २०८१" रहेको छ।

(ख) यो कार्यविधी प्यूठान नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखी नगर क्षेत्रभर लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यबिधिमा

(क) "**नगरपालिका**" भन्नाले प्यूठान नगरपालिका सम्झनु पर्दछ।

(ख) "**कार्यपालिका**" भन्नाले प्यूठान नगरपालिका नगरकार्यपालिका सम्झनु पर्दछ।

(ग) "**नगरप्रमुख**" भन्नाले प्यूठान नगरपालिकाको नगरप्रमुख सम्झनु पर्दछ।

(घ) "**नगर उपप्रमुख**" भन्नाले प्यूठान नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ।

(ङ)

(च) "**रोजगार सेवा केन्द्र**" भन्नाले प्यूठान नगरपालिकाको रोजगार सेवा केन्द्र सम्झनु पर्दछ।

(छ) "**रोजगार संयोजक**" भन्नाले प्यूठान नगरपालिकाको रोजगार संयोजक सम्झनु पर्दछ।

### **परिच्छेद – २ उद्देश्य**

३. प्यूठान नगरपालिका क्षेत्रमा सञ्चालन हुने विपन्न नागरिक  रोजगार कार्यक्रममा उद्देश्यहरु देहाय वमोजिम रहेका छन।

(क) विपन्न नागरिकलाई रोजगारी

(ख) आय आर्जन

(ग) स्थानीय पूर्वाधारको निर्माण तथा संरक्षण

(घ) सामाजिक सुरक्षाको प्रत्याभूती

४. **लक्षित समूहको पहिचान र सूचीकरणः** प्यूठान नगरपालिकाले विपन्न नागरिक रोजगार कार्यक्रममा विपन्नको छनौट देहाय बमोजिम हुनेछ।

(क) नगरपालिका क्षेत्रभर कार्यक्रम सञ्चालन गर्न नगर कार्यपालिकाको कार्यालयले सूचना प्रकाशन गर्नेछ।

(ख) वडा कार्यालयबाट आफ्नो वडाभित्रका आर्थिक रुपमा कमजोर, सिमान्तकृत र बेरोजगार व्यक्ति तथा परिवार तथा महामारी प्राकृतिक विपत्ती वा अन्य कारणले प्रभावित अति विपन्न नागरिकहरु छनौट गरिनेछ।

(ग) वडाभित्र छनौट एका विपन्न नागरिकहरुको विवरण वडा कार्यालयमा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको रोहवरमा वडाभित्र क्रियाशिल राजनीतिक दलहरु, नागरिक समाज, गैर सरकारी संस्थाका प्रतिनिधिहरु, सहकारी संस्थाका प्रतिनिधिहरु, सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक र वडाका निर्वाचित जनप्रतिनिधीहरुको उपस्थितिमा सार्वजनिक गरिनेछ।

(घ) उपनियम(ग) बमोजिम सार्वजनिक सुनुवाई हुँदा यस कार्यक्रममा छनौट हुन अयोग्य व्यक्तिको नाम हटाउने र छुटेका योग्य व्यक्तिहरुको नाम समावेश गरिनेछ।

(ङ) वडामा अन्तिम रुपमा छनौट भएका विपन्न नागरिकहरुको सूचीलाई वडा समितिको बैठकबाट निर्णय र प्राथमिकता निर्धारण गरी प्यूठान नगरपालिकाको रोजगार सेवाकेन्द्रमा पठाउनु पर्नेछ।

(च) वडाहरुबाट प्राप्त रोजगार प्राप्त गर्न योग्य सूचीबाट नगरपालिकाले स्रोत साधनको उपलब्धता हेरी प्राथमिकताको आधारमा रोजगारी प्रदान गरिनेछ।

## परिच्छेद-३

## रोजगारीका क्षेत्रहरु

५. प्यूठान नगरपालिकाको विपन्न नागरिक रोजगार कार्यक्रममा रोजगारका श्रममुलक क्षेत्रहरु देहाय वमोजिक हुनेछन।

(क) स्थानीय पूर्वाधार निर्माण (बाटो, पदमार्ग, साना सिंचाई तथा खानेपानी आयोजनाहरु)

(ख) सामुदायिक सेवाहरु (विद्यालय, स्वास्थ्य चौकी मर्मत)

(ग) पूर्वाधार मर्मतका आयोजना (सडक तथा बाटोहरुमा नाली निर्माण, लेन्थ वर्क(length work) को काम

(घ) वातावरण संरक्षणका कार्यहरु (वृक्षारोपण, जलाशय संरक्षण, पुनर्भरण पोखरी निर्माण)

(ङ) विपन्न नागरिक रोजगार कार्यक्रम सम्बन्धी नगर स्तरिय समितिले निर्णय गरी तोकेका कामहरु

६. **रोजगारीका प्रावधानहरुः** विपन्न नागरिक रोजगार कार्यक्रम नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाको प्रतिकूल नहुने गरी रोजगार सेवा केन्द्र मार्फत सञ्चालन गरिनेछ। रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा देहायका व्यवस्था गरिएको छ।

(क) कार्यक्रम सञ्चालन सम्बन्धी वडास्तरीय समितिले छनौट गरी योजना सञ्चालन गरिनेछ।

(ख) जिल्लाको न्यूनतम दररेट वा प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रावधान बमोजिमको न्यूनतम दररेटमा काममा लगाईनेछ।

(ग) छनौट भएका विपन्न परिवार /व्यक्ति मध्ये एक घरका एकजना व्यक्तिलाई मात्र रोजगार प्रदान गरिनेछ ।

(घ) छनौट भएका रोजगारी प्राप्त गर्न योग्य व्यक्तिलाई न्यूनतम ३० दिनदेखि अधिकतम १०० दिनसम्म रोजगारी प्रदान गरिनेछ ।

(ङ) रोजगारी सम्बन्धी आयोजनाहरु सकभर सोही वडामा हुनेछ ; तर नगरपालिका भित्र जुनसुकै स्थानमा काममा लगाउन सकिनेछ ।

## परिच्छेद – ४

७. **विपन्न नागरिक रोजगार समिति**: नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विपन्न नागरिक रोजगार कार्यक्रम व्यवस्थापन गर्नका लागि नगरस्तरमा नगर प्रमुखको संयोजकत्वमा देहायको समिति रहनेछ ।

१. नगर प्रमुख – संयोजक
२. नगर उपप्रमुख – सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत – सदस्य
४. पूर्वाधार विकास शाखा प्रमुख - सदस्य
५. रोजगार संयोजक – सदस्य सचिव

८. **वडास्तरीय समितिः**- विपन्न नागरिक रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि वडामा देहायको समिति रहनेछ ।

१. सम्बन्धित वडाको वडाध्यक्ष – संयोजक
२. वडा समितिका सदस्यहरु(सवै) – सदस्य
३. वडाभित्रको सामुदायिक विद्यालयको वरिष्ठतम प्रधानाध्यापक – सदस्य
४. वडा सचिव – सदस्य सचिव

९. **नगर स्तरीय र वडा स्तरीय समितको काम कर्तव्य र अधिकारः**

(क) नगरपालिका भित्रका रोजगार प्राप्त गर्न योग्य व्यक्ति छनौट गर्ने , योग्य व्यक्ति छनौट गर्न वडा कार्यालयलाई सहयोग गर्ने ।

(ख) रोजगारी आयोजना कार्यक्रम छनौट गर्ने ।

(ग) आयोजनाको अनुगमन मूल्याङ्कन गरी भुक्तानीका लागि कार्यालयलाई सिफारिश गर्ने ।

(घ) कार्यक्रम कार्यान्वयनका क्रममा आएका समस्या समाधान गरी सहजीकरण गर्ने ।

(ङ) विपन्न (लक्षित) वडावासीहरु छनौट र वडासमितिबाट अनुमोदन गरी नगरपालिकामा पठाउने ।

(च) वडा समितिले वडामा सर्वपक्षीय सर्वदलीय भेला आयोजना गरी लक्षित वर्गको छनौट गर्ने ।

**१०. ज्याला भुक्तानी प्रकृया:**

(क) विपन्न नागरिक रोजगार कार्यक्रमको ज्याला भुक्तानी लाभग्राहीको बैंक मार्फत गरिनेछ ।

(ख) काममा लगाउदाको हाजिरी वडा कार्यालयले प्रमाणित गरी रोजगार सेवा केन्द्रमा पठाए पश्चात भुक्तानी गरिनेछ ।

(ग) भुक्तानि हुने कुल ज्याला आयोजनाको अन्तिम मूल्याङ्कनको अंकभन्दा बढि हुने छैन ।

११. **कार्यक्रमको अनुगमन मूल्याङ्कन:** विपन्न नागरिक रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनाको रु. ३ लाख सम्मको लागत अनुमान भएमा वडास्तरीय अनुगमन समिति र रु. ३ लाख भन्दा बढी लागत अनुमान भएमा नगरस्तरीय अनुगमन समितिले अनुगमन गर्नेछ ।

## परिच्छेद ५

## विविध

१२. **निर्देशन दिन सक्ने:** यस कार्यबिधिको प्रयोगमा बाधा अड्चन वा कार्यबिधीले समेटन नसकेका विषय बस्तुहरुमा निर्णय गर्नुपरेमा नगर स्तरीय समितिको सिफारिस बमोजिम नगरकार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।